# अध्यागमन तथा बसोबास व्यवस्थापन निकायबाट सूचना

世界をつなぐ。未来をつくる。
出入国在留管理庁
ISA Immigration Services Agency

## ~2026 सालको कुमामोतो भूकम्पसँग सम्बन्धित बसोबाससम्बन्धी विभिन्न आवेदनहरूको व्यवस्थाबारे~

जुलाई 2026

हालै आएको "2026 सालको कुमामोतो भूकम्प" को प्रभावका कारण, सामान्यतया तोकिएको अवधि वा निर्धारित प्रक्रियाअनुसार क्षेत्रीय अध्यागमन तथा बसोबास व्यवस्थापन कार्यालय (अध्यागमन कार्यालय) मा आवेदन दिन नसक्ने (दिन नसक्नुभएका) व्यक्तिहरूलाई यो सूचना जारी गरिएको हो।

## 1 बसोबाससम्बन्धी विभिन्न आवेदनहरूको स्वीकार अवधि सम्बन्धमा

विपत्तिबाट प्रभावित भई, बसोबास अवधिभित्र आवेदन दिन नसक्नुभएका व्यक्तिहरूका लागि, हालका लागि बसोबास अवधि समाप्त भइसकेको भए पनि व्यक्तिगत रूपमा छुट्टाछुट्टै प्रक्रिया गरिनेछत्यसैले, आफ्नो नजिकको अध्यागमन कार्यालयमाआवेदनका सम्बन्धमा परामर्श गर्नुहोस्।

## 2 बसोबाससम्बन्धी विभिन्न आवेदन बुझाउने निकायबारे

विपत्तिका कारण आफ्नो मूल बसोबास स्थानबाट अस्थायी रूपमा अन्यत्र सर्नु वा सुरक्षित स्थानमा आश्रय लिनुभएका व्यक्तिहरू ले हाल बसिरहेको स्थान हेर्ने अध्यागमन कार्यालयमा आवेदन दिन सक्नुहुन्छ।

**माथि उल्लेखित व्यवस्थासम्बन्धी कुनै कुरा स्पष्ट नभएमा नजिकको क्षेत्रीय अध्यागमन तथा बसोबास व्यवस्थापन कार्यालय (अध्यागमन कार्यालय) मा सम्पर्क गर्नुहोस्।**

※ क्षेत्रीय अध्यागमन तथा बसोबास व्यवस्थापन कार्यालयहरूको ठेगाना तथा सम्पर्क विवरणका लागि कृपया तलको दिइएको URL बाट हेर्नुहोस्।

URL https://www.moj.go.jp/isa/about/region/index.